नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
डडेल्धुरा अस्पताल
अस्पताल विकास समिति

पत्र संख्याः ०८२।८३
चलानी नं.

मोवाईल नं. ९८५८७५३२०२
अध्यक्ष ज्यूको कार्यकक्ष : ०९६ ४१०३७३

मितिः २०८२/०९/२३ गते ।

## प्रेस विज्ञप्ती ।।।

आज मिति २०८२।०९।२३ गते बुधवार दिउसो १:३५ बजेको समयमा डडेल्धुरा अस्पताल विकास समिति अध्यक्ष करूणाकर ओझालाई उहाँको कार्यकक्षमा ने.क.पा. बहुमतको नाममा केही अराजक व्यक्तिहरूद्वारा गरिएको दुर्व्यवहार प्रति यस अस्पताल खेद प्रकट तथा घोर भर्त्सना व्यक्त गर्दछ ।

यस क्षेत्रको समग्र स्वास्थ्य प्रणाली र अस्पतालबाट प्रवाह हुने सेवा सुविधामा अहोरात्र दिनरात नभनी अग्रपङक्तिमा खटेर बिरामी सेवाग्राही नागरिकहरूको सहज र प्रभावकारी उपचार पद्दती व्यवस्थापनमा सर सल्लाह र सामुदायिक अपनत्व लिने वातावरण सिर्जना गर्न क्रियाशिल रहनुभएका विकास समिति अध्यक्ष माथि यस संवेदनशिल संस्थाभित्र प्रवेश गरि प्रमाणविहिन र तथ्यहिन आरोपहरु लगाउदै अस्पताल जस्तो गरिमामय पवित्र स्थलमा गरिएको व्यवहारले लज्जित तुल्याएको छ ।

यस्ता घटनाले अस्पतालको सेवा प्रवाह तथा अस्पतालमा कार्यरत सवै तहका कर्मचारीहरू र पदाधिकारीहरूको मनोवलमा गिराउने र अस्पतालको सेवा प्रवाहमा थप असर हुने सिवाय अरू केहि उपलब्धि हासिल हुने छैन, यस्तो बिषम घडीमा उच्च नैतिक मूल्य र मान्यता कायम गर्दै अस्पताल परिवारको पक्षमा उभिन सम्पूर्ण सरोकारवालाहरूलाई आह्वान गर्दछौं ।

उक्त घटनाको दोषीमाथी यथासिघ्र छानविन गरि कानुन बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा जोडदार माग गर्दछौं, साथै भबिष्यमा यस्ता अराजक गतिविधीहरूको पुनरावृत्ति हुन नदिन सम्पूर्ण तहको सरकार, स्थानिय प्रशासन, सुरक्षा निकाय, नागरिक समाज लगायत सम्बन्धित सबैमा डडेल्धुरा अस्पताल हार्दिक अपील गर्दछ ।

यस अवस्थामा, दोषीलाई तत्काल कानुनी दायरामा नल्याएसम्म यस घटनाले कमजोर बनाएको कर्मचारीको मनोबललाई मध्यनजर गरि भोली मिति २०८२।०९।२४ गते देखी अस्पतालबाट प्रदान गरिने आकश्मिक सेवा बाहेक अन्य सेवा पूर्ण रूपमा बन्द हुने बेहोरा जानकारी सहित यो प्रेस बिज्ञप्ती जारी गरिन्छ ।

यसले सेवाग्राहीमा पर्न जाने असुविधा प्रति अस्पताल बिकास समिति क्षमाप्रार्थी छ ।

-डडेल्धुरा अस्पताल विकास समिति

Email: dadeldhura.hospital@gmail.com Website: www.dadeldhurahospital.gov.np